नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, जेठ २८ गते २०३६ साल [संख्या ९

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

निजामती सेवा (पन्ध्रौं संशोधन) नियमावली, २०३६

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वान्छनीय भएकोले, नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यी नियमहरूको नाम "निजामती सेवा (पन्ध्रौं संशोधन) नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम ७.४ मा संशोधन : निजामती सेवा नियमावली, २०२१ को नियम ७.४ को प्रतिवन्धात्मक वाक्याँश (३) को सट्टा देहायको प्रतिवन्धात्मक वाक्याँश (३) राखिएको छ :–

"(३) कुनै सरकारी पदमा अघि गरेको नोकरी बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि निजामती पदमा नियुक्त भएमा निजले पछि गरेको नोकरी अवधिमा अघि गरेको नोकरी अवधि जोडी यस नियमबमोजिमको निवृत्तभरण लिन पाउनेछ ।

स्पष्टिकरण : यो सुविधा यो प्रतिवन्धात्मक वाक्याँश (३) प्रारम्भ हुनु भन्दा अघिनै निजामती पदमा पुनः नियुक्ति भई अवकाश प्राप्त गरिसकेको कर्मचारीले समेत पाउनेछ ।"

आज्ञाले–

रामचन्द्रराज पाण्डे

श्री ५ को सरकारको का. म. सचिव

आधिकारिकता सुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७.

१८.

३. मि
मि
गर

क्र. सं.

---

१. श

२. श

३. श

४. श
र

४. मि
बढु
बढु

क्र. सं.

---

१. श

२. श

३. श

४. श

५. श

८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार